सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३११ ♦ २०८३ साल साउन १३ बुधवार ♦ 29 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## सुनसरीको पूर्व-पश्चिम राजमार्गमा अनिश्चितकालीन कर्फ्यू



**खबर दर्पण समाचारदाता**

**साउन १२ गते, बर्दिवास**

सुनसरीस्थित पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) को आसपासका क्षेत्रमा स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरेको छ। जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले मङ्गलवार एक सूचना जारी गर्दै दिउँसो ३:३० बजेदेखि अर्को आदेश नभएसम्मका लागि कर्फ्यू लागू गर्नुभएको हो।

प्रशासनले इटहरीको पकल्ली चोकदेखि कोशी ब्यारेज क्षेत्रसम्म आवतजावतका साथै कुनै पनि प्रकारका भेला, जुलुस, प्रदर्शन, सभा, बैठक र घेराउ गर्न पूर्ण रूपमा निषेध गरेको छ।

जारी सूचना अनुसार पूर्वमा इटहरी उपमहानगरपालिकाको पकल्ली चोक, पश्चिममा कोशी गाउँपालिका-८ स्थित कोशी ब्यारेजको पुल तथा महेन्द्र राजमार्गको दायाँ-बायाँ (उत्तर-दक्षिण) दुई सय मिटरको सीमाभित्र जुनसुकै किसिमका प्रदर्शन तथा गतिविधिमा प्रतिबन्ध लगाइएको छ। शान्ति सुरक्षाको स्थिति कायम राख्न यो कदम चालिएको स्थानीय प्रशासनले जनाएको छ।

## संघीयताले राज्यका विभिन्न वर्ग, समुदाय र क्षेत्रको सहभागिता बढाएको छ : सभामुख यादव

**खबर दर्पण समाचारदाता**

**साउन १२ गते, जनकपुरधाम**

मधेश प्रदेशका सभामुख रामआशिष यादवले संघीयता आर्थिक व्ययभार नभई प्रदेशका जनताको आत्मसम्मान, पहिचान र अधिकारसँग जोडिएको व्यवस्था भएकाले यसलाई अझ सुदृढ बनाउँदै प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताएका छन् ।

मधेश प्रदेश सभाअन्तर्गतको प्रदेश मामिला समितिले मंगलबार जनकपुरधाममा आयोजना गरेको 'संघीयता सबलीकरण' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख यादवले संघीयताले राज्यका विभिन्न वर्ग, समुदाय र क्षेत्रको सहभागिता बढाएको तथा साना-साना विकास योजनाका लागि केन्द्र सरकारको मुख ताक्नुपर्ने अवस्थाको अन्त्य गरेको बताए ।

उनले संघीयताको कार्यान्वयनका क्रममा देखिएका कमजोरीलाई सुधार गर्दै यसको सबल पक्षलाई थप मजबुत बनाउन आवश्यक रहेको उल्लेख गर्दै जनताको विश्वास जित्ने गरी प्रदेश र स्थानीय तहले काम गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता तथा मधेश प्रदेश सभा सदस्य रामसरोज यादवले संविधानले प्रदेशलाई दिएको एकल अधिकार सूचीका धेरै अधिकार अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको बताए ।

प्रदेश सरकारले आफ्ना संवैधानिक अधिकारको प्रभावकारी प्रयोग गर्न नसक्नु संघीयताको प्रमुख चुनौती रहेको उनको भनाइ थियो । साथै उनले अब संघीय व्यवस्थालाई समाप्त गर्न कसैले नसक्ने दाबी गरे ।

प्रदेश सभा सदस्य सुरिता साहले संघीयताका कारण गाउँगाउँसम्म विकासको पहुँच विस्तार भएको, स्वास्थ्य र शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार देखिन थालेको तथा नागरिकले धेरै अधिकार प्राप्त गरेको बताइन् ।




संघीयता विज्ञ तथा संविधानसभा सदस्य डा. विजयकुमार सिंहले नेपालको संघीयता अझै पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको टिप्पणी गर्दै वास्तविक संघीय अभ्यासका लागि प्रदेशसँग आफ्नै प्रहरी प्रशासन र कर्मचारी संयन्त्र हुनुपर्ने आवश्यकता औंल्याए ।

अर्थविद् डा. भोगेन्द्र झाले संघीयता अत्यधिक खर्चिलो भएको भन्ने धारणा तथ्यमा आधारित नभएको बताए ।

महालेखापरीक्षकको प्रतिवेदन उद्धृत गर्दै उनले सातै प्रदेशको कुल बजेट राष्ट्रिय बजेटको ९.२२ प्रतिशत मात्र रहेको र मधेश प्रदेशको हिस्सा १.२८ प्रतिशत रहेको जानकारी दिए ।

प्रदेश मामिला समितिका सभापति रत्नेश्वर गोइतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रका सहभागीहरूले संघीय व्यवस्था आफैंमा कमजोर नभए पनि यसको कार्यान्वयनमा देखिएका कमीकमजोरीका कारण नागरिकमा असन्तुष्टि बढ्दै गएको उल्लेख गर्दै सुधारसहित संघीयतालाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए ।






# सुनसरी घटनाबारे छानबिन र कारबाहीको माग गर्दै विश्व हिन्दु परिषद् महोत्तरीद्वारा ज्ञापनपत्र



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**साउन १२ गते, बर्दिवास**

विश्व हिन्दु परिषद् नेपाल, महोत्तरी जिल्ला कार्यसमितिले सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा भएको हिंसात्मक घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारवाही तथा धार्मिक कार्यक्रमको सुरक्षा सुनिश्चित गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीमार्फत नेपाल सरकार लाई ज्ञापनपत्र बुझाएको छ।

परिषद्ले आज प्रमुख जिल्ला अधिकारीलाई बुझाएको ज्ञापनपत्रमा बोलबम यात्राको तयारीका क्रममा मन्दिर परि सरमा भएको आक्रमण र त्यसपछि सुरक्षाकर्मीबाट भएको बल प्रयोगप्रति गम्भीर आपत्ति जनाएको छ। ज्ञापनपत्रमा उक्त घटनाले सम्पूर्ण हिन्दु समाजलाई स्तब्ध, आक्रोशित र मर्माहत बनाएको उल्लेख गरिएको छ।


परिषद्का अनुसार मन्दिर परि सरमा भजन-कीर्तन भइरहेको बेला केही व्यक्तिहरूले मन्दिर को झण्डा र ध्वनि प्रणालीमाथि आक्रमण गरी धार्मिक सद्भाव बिथोल्ने प्रयास गरेका थिए। त्यसपछि स्थिति नियन्त्रणका क्रममा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको र त्यसबाट स्थानीय २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको तथा दर्जनौं व्यक्ति घाइते भएको दाबी गरिएको छ।

ज्ञापनपत्रमा घटनाको सत्यतथ्य पत्ता लगाउन स्वतन्त्र, निष्पक्ष र पारदर्शी उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्न, गोली चलाउने आदेश दिने तथा गोली प्रहारमा संलग्न व्यक्तिहरूको पहिचान गरी कानुनी कारबाही गर्न, मृतक ओमप्रकाश मेहतालाई शहीद घोषणा गर्दै परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा घाइतेहरूको सम्पूर्ण उपचार खर्च राज्यले व्यहोर्न माग गरिएको छ।

यस्तै, धार्मिक कार्यक्रममा पर्याप्त सुरक्षा व्यवस्था सुनिश्चित गर्न, सुरक्षा व्यवस्थापनमा कमजोरी देखिएको विषयमा जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउन तथा सामाजिक सद्भाव बिथोल्ने भ्रामक सूचना र अफवाह फैलाउनेमाथि समेत कानुनी कारवाही गर्न परिषद्ले सरकारसँग आग्रह गरेको छ।

विश्व हिन्दु परिषद् महोत्तरीले आफ्ना मागहरूलाई तत्काल सम्बोधन गर्न सरकारसँग अनुरोध गर्दै अन्यथा हिन्दु समाज शान्तिपूर्ण तर सशक्त आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी पनि दिएको छ।

# जनकपुरधामका सात पोखरीको अतिक्रमण हटाइने



**खबर दर्पण समाचारदाता**
**साउन १२ गते, जनकपुरधाम**

जनकपुरधाम उपमहानगर पालिकामा गुठी संस्थानका प्रशासक शैलेश राज कुँवर नेतृत्वको टोली मंगलबार आएको छ।

जनकपुरधामका ऐतिहासिक तथा सार्वजनिक पोखरी संरक्षण अभियानलाई अघि बढाउने उद्देश्यले टोली जनकपुरधाम आएको हो।

उपमहानगरपालिकामा आयोजित भेटघाटमा नगरप्रमुख मनोजकुमार साह, प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरे तथा कार्यपालिका सदस्य राकेश विक्रम साहले गुठी संस्थानको टोलीलाई स्वागत गरेका थिए।

भेटका क्रममा जनकपुरधामभित्र रहेका गुठीका जग्गा तथा पोखरी संरक्षण, अतिक्रमण हटाउने प्रक्रिया र आगामी कार्ययोजनाबारे छलफल भएको बताइएको छ।

उपमहानगरपालिकाका अनुसार बुधवार बस्ने संयुक्त बैठकपछि पहिलो चरणमा रेखाङ्कन सम्पन्न भइसकेका सात वटा पोखरी क्षेत्रबाट अतिक्रमण हटाउने अभियान सुरु गरिने तयारी गरि एको छ।

पोखरी क्षेत्रको संरक्षण, सार्वजनिक सम्पत्तिको व्यवस्थापन तथा अतिक्रमण नियन्त्रणका लागि गुठी संस्थान र जनकपुरधाम उपमहानगर पालिकाबीच समन्वयात्मक रूपमा अभियान सञ्चालन गरिने जनाइएको छ।

स्थानीय तहले ऐतिहासिक तथा धार्मिक महत्वका पोखरीहरूको संरक्षणलाई प्राथमिकतामा राख्दै आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने जनाएको छ।

# धनुषामा विभिन्न मुद्दाका ८ फरार प्रतिवादी पक्राउ

**खबर दर्पण समाचारदाता**
**साउन १२ गते, जनकपुरधाम**

धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय सुनाइएपछि फरार रहेका आठ जना प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीहरूको खोजतलास तीव्र पारिएको क्रममा उनीहरूलाई पक्राउ गरिएको हो।

पक्राउ परेकाहरूलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये लागूऔषध सम्बन्धी दुई, डाका सम्बन्धी तीन, सवारी ज्यान सम्बन्धी एक तथा बहुविवाह सम्बन्धी दुई जना प्रतिवादी रहेका छन्।

उनीहरूमध्ये डाका मुद्दाका तीन प्रतिवादीलाई जनही तीन वर्ष कैद सजाय तोकिएको थियो।

बहुविवाह मुद्दाका दुई जनालाई एक वर्ष २६ दिन कैद र जनही रु. ५ हजार जरिवाना, सवारी ज्यान मुद्दाका एक प्रतिवादीलाई चार महिना कैद तथा रु. २ हजार जरिवाना, लागूऔषध मुद्दाका एक प्रतिवादीलाई २० दिन कैद र रु. २ हजार जरिवाना तथा अर्को लागूऔषध मुद्दाका प्रतिवादीलाई रु. ३ हजार जरिवाना सजाय तोकिएको थियो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुधन न्यौपानेले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियान निरन्तर सञ्चालन भइरहेको जानकारी दिएका छन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# दुई दिनदेखि त्रासमा सुनसरी : मिलेर बसेको कप्तानगञ्जमा कसले रोप्यो द्वन्द्वको बीज ?

भारतीय सीमानजिकै रहेको सुनसरीको देवानगञ्ज गाँउपालिका-३ स्थित कप्तानगञ्ज गाउँ तीन दिनदेखि अशान्त छ।

आइतबार राति करिब १० बजे दुई समुदाय (हिन्दु-मुस्लिम)को नाममा रोपिएको द्वन्द्वको बाछिटाहरू संघीय राजधानी काठमाडौंसम्म फैलिएको छ। मंगलबार काठमाडौंको माइतीघरमा केही व्यक्तिहरूले दोषीमाथि कारबाही हुनुपर्ने माग गर्दै प्रदर्शन गरे।

कप्तानगञ्जमा आइतबार दुई समुदायको विवाद हुँदा प्रहरीको उपस्थितिमा गोली चलेपछि एक जना (३० वर्षीय ओमप्रकाश मेहता)को मृत्यु भयो। २४ जना घाइते भए। त्यस विषयलाई धार्मिक रंग दिँदै कतिपय व्यक्ति तथा समूहहरू प्रदर्शन तथा तोडफोडमा उत्रिएका छन्।

देवानगञ्ज गाउँपालिका आसपासका क्षेत्र त सोमबार र मंगलबार पूर्णरुपमा अशान्त बन्यो। साथमा कप्तानगञ्ज गाउँमा रोपिएको द्वन्द्वको बीज कप्तानगञ्जबाट करिब २५ किलोमिटर पूर्वमा रहेको कोशी प्रदेशको राजधानी विराटनगरसम्म फैलिएको छ।

विराटनगरमा मंगलबार विद्यालय खुल्न सकेनन्। बजार पनि खुलेनन्। सोमबार नै कप्तानगञ्जको घटनालाई लिएर विराटनगरमा प्रदर्शन भएको थियो। 'हिन्दु समाज'को नामबाट भएको प्रदर्शनमा सोमबार साँझ पनि ५ बजेदेखि ७ बजेसम्म विराटनगर बजार बन्द गराइएको थियो। उनीहरूकै आह्वानमा मंगलबार पनि विराटनगर ले शान्तिको सास फेर्न पाएन।

## दुई दिनदेखि त्रासमा सुनसरी

आतइबार कप्तानगञ्जमा एक जनाको ज्यान जाने गरी भएको घटनालाई लिएर दुई दिनदेखि सुनसरी त्रासमा छ। आइतबार रातिको घटनालाई लिएर सोमबार बिहानैदेखि कप्तानगञ्जलगायत आसपासका क्षेत्रमा कर्फ्यु लाग्यो।

कर्फ्युमा कप्तानगञ्जसँगै हरिनगर, भुटाह, घुस्की र देवानगञ्ज बजार दिनभर पिल्सिएनन् मात्र तोडफोट तथा आगजनीका घटनासमेत बेहोर्नुपऱ्यो। कर्फ्यूकाबीचमा पनि सोमबार यहाँ प्रदर्शन रोकिएन।

प्रदर्शनकारीले वडा नम्बर ३ अध्यक्ष अनिलकुमार भगतको घरमा तोडफोड गरे। उनको घरनजिक रहेको सरकारी नम्बर प्लेटको एउटा मोटरसाइकलमा आगजनी गरे।

कप्तानगञ्जको घटनाको बाछिटा सोमबार नै सुनसरीको सदर मुकाम इनरुवामा फैलियो। इनरुवा बजारमा कुटपिटदेखि तोडफोड भयो। आगजनीका घटना भए। राजमार्ग बन्द गरियो। राजमार्गमा बन्द गरिए।

प्रदर्शनलाई साम्य बनाउन सेना परिचालन गरिएपछि केही मत्थर भए पनि अशान्ति भने कायम रहिरह्यो। प्रर्शन तथा तोडफोडका घटना सोमबार राति पनि रोकिएनन्।

रातिको समय पूर्वपश्चिम राजमार्गमा केही छिटफुट घटना भएको प्रहरीले जानकारी दिएको छ। केही सर्वसाधारणमाथि कुटपिट भयो। अर्को दिन आज मंगलबार सुनसरी प्रशासनले घटना भएको स्थान र आसपासमा कर्फ्यू हटाएर निषेधाज्ञा कायम राख्यो। सुनसरीका प्रमुख जिल्ला अधिकारी अर्यालले देवानगन्ज गाँउपालिका र हरि नगर गाँउपालिकामा निषेधाज्ञा लगाइएको जानकारी दिए।

तर निषेधाज्ञाबीच पनि मंगलबार प्रदर्शन रोकिएन। मंगलबार दिनभर सुनसरीको पकलीदेखि पश्चिम कोशी कटानसम्म पूर्वपश्चिम राजमार्गमा टायर बालेर प्रदर्शनकारी यातायात अवरुद्ध बनाए। जसका कारण सर्वसाधारण सहज यात्रा गर्न पाएनन्।

कप्तानगञ्जका एक स्थानीयले नाम नबताउने सर्तमा आफू त्रासमा रहेको र त्यसकै कारण दुई दिनदेखि बाहिर निस्कन नसकेको बताए। 'दुई दिन भयो। बाहिर निस्कन सकेको छैन। बाहिर निस्किएपछि कुटपिट भइहाल्ला भन्ने डर छ', ती स्थानीयले भने 'घरमै मोबाइल हेरेर बस्नुपरेको छ।'

मंगलबार शान्त हुने अपेक्षामा रहेका सुनसरीवासीलाई थप निषेधाज्ञाबाट कर्फ्यू जारी गरिएपछि थप त्रास थपिएको छ। सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले मंगलबार साँझ अर्को सूचना नआएसम्मका लागि इटहरी-इनरुवा सडकखण्डअन्तर्गत पूर्वपश्चिम राजमार्गमा कर्फ्यू लगाइएको जानकारी दिए।

मंगलबार कोशी गाँउपालिका-४ स्थित पूर्वपश्चिम राजमार्गको कोशी कटान क्षेत्रमा आगजनी तथा तोडफोड भए। राजमार्ग आसपासमा रहेका अस्थायी टहरामा रहेका पसलमा प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका थिए।

यसक्षेत्रमा करिब ८/१० वटा होटल तथा पसलमा आगजनी भएको प्रहरीले जानकारी दएको छ। सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिने प्रयास गरे पनि स्थिति भने तनावग्रस्त बनेपछि मंगलबार साँझदेखि कर्फ्यू लगाइयो।

मंगलबार भोक्राह नरसिंह गाउँपालिकामा समेत ठूलो संख्यामा सर्वसाधारण सडक निस्किएर प्रदर्शन गरे। जसका कारण कप्तानगञ्ज आसपासका क्षेत्रमा अशान्त त बनेको छ नै स्थानीय त्रासमा रहेका छन्।

यसै घटनालाई लिएर इनरुवामा नगर कार्यपालिकाले दुई दिनको शोक बिदा दिएको छ। घटनामा निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गर्दै कोशी गाउँपालिका, हरिनगर गाउँपालिका र भोक्राह नरसिंह गाउँपालिकाले पनि शोक बिदा दिएका छन्। सुनसरीसँग जोडिएको जिल्ला मोरङ प्रशासनले ठूलो आवाजमा माइकहरू बजाउन रोक लगाएको छ।

## मिलेर बसेको कप्तानगञ्जमा कसले रोप्यो द्वन्द्वको बीज?

वडा नम्बर ३ का अध्यक्ष अनिलकुमार भगतले यसअघि कप्तानगञ्जमा यस्तो हिंसात्मक घटना भएको कहिल्यै देखेका थिएनन्। उनको शब्दमा भन्ने हो भने पहिलेदेखि यहाँ 'मिल्ती' थियो।

हिन्दु र मुस्लिसम समुदाय मिलेर बसेको कप्तानगञ्जमा कसले द्वन्द्वको बीज रोप्यो? यो अनेकन आशंकाहरू हुने गरेको छ। तर सामान्य भैंभगडाले यति ठूलो रुप लिनेमा शंकासमेत नगरेको अध्यक्ष भगत बताउँछन्।

'यसअघि दुवै सम्प्रदायका मानिसहरूको बसोबास मिल्ती रहेको थियो। युवाहरूसमेत संयम थिए। सानोतिनो समस्या भए पनि मिलेरै बसेको थियौं। केही पर्दा दुवै समूहलाई राखेर समस्याको हल निकालिने गरिएको थियो', उनले देशसञ्चारसँग भने 'सामान्य भैंभगडाले यति ठूलो रुप लिने विश्वाससमेत थिएन।'

तर शान्त रहेको कप्तानगञ्ज आइतबारदेखि भने अशान्त भयो। आइतबार रातिको करिब १० बजेको थियो। १० देखि १५ जना युवा समूह साउने सोमबारको जल चढाउनका लागि सप्तकोशी नदी जाने तयारीमा निस्किएका थिए।

भजनको डिजे (माइक) बजाउँदै कप्तानगञ्जको नयाँ हाट बजार नजिक रहेको शिव मन्दिर उनीहरु पुगे। मन्दिर आसपास हिन्दु र मुस्लिम समुदायको बसोबास छ। रातिको समय चर्को ध्वनीमा माइक बजाएपछि नजिकैको एक बस्तीबाट केही मानिसहरुले डिजे बन्द गर्न भने।

नयाँ हाट बजार चोक कृषि भवननजिक रहेको छ। जहाँ प्राय: सार्वजनिक कार्यक्रम हुँदै आएको थियो। राति माइक बन्द गर्न भने पनि जल चढाउन हिँडेका युवाहरू तयार भएनन्। उनीहरूबीच केहीबेर चर्काचर्की र भनाभन भयो।

नजिकै ड्युटीमा रहेका केही प्रहरी आएर दुवै पक्षलाई सम्झाउँछन्। उनीहरूले सम्झाउने क्रममा माइक बजाउने समूहका मानिसहरुको भीड हुन्छ। वडाध्यक्ष भगतका अनुसार भनाभनले ठूलो रुप लिन्छ। सँगै विद्युतको पोलबाट बत्तीको प्रकाश एकाएक निभ्छ। त्यसपछि बन्दु पड्किन्छ। वडाध्यक्ष भगत भन्छन्, 'सडकको बत्ती निभेको थियो। एकाएक हवाई फायर खुल्यो। केही युवाहरु धमाधम सडकमा लडे। प्रहरी पनि घाइते भए।'

दुवै समूहबीच झडप भएपछि, राति नै सशस्त्र प्रहरी बलको टोली र नेपाल प्रहरीको टोलीले स्थिति नियन्त्रणमा लिने प्रयास गरेको थियो। यहीबीचमा गोली लागेका स्थानीय ओमप्रकाश मेहताको मृत्यु भयो भने घटनामा नेपाल प्रहरीका १०, सशस्त्र प्रहरी बलका ५ र सर्वसाधारण ९ जना गरि २४ जना घाइते भए।

कतिपय जानकार यो घटना हुनुमा आइतबारको घटनाले मात्र काम नगरेको बताउँछन्। यहाँ यसअघिको घटनालेसमेत काम गरेको जानकार बताउँछन्।

घटना भएको चोक यसअघि सार्वजनिकस्थल थियो। केही वर्ष पहिले यहाँ हन्दु समुदायले आफ्नो बनाए. तर, सार्वजनिकस्थल भएकाले यहाँ विभिन्न कार्यक्रम हुँदै आएको थियो।

केही समयअघि मोहरमका क्रममा मुस्लिम समुदायका युवाहरूले पनि चोकमा झण्डा राखे। कार्यक्रम सकेर झण्डा ननिकालेपछि स्थानीयमा केही समस्या उत्पन्न भएको जानकार बताउँछन्।



झण्डा नझिकेको गुनासो वडादेखि पालिकासम्म पुगेको थियो। मुस्लिम समुदायका युवाहरुले झण्डा नहटाइसकेपछि स्थानीयमा केही समस्या देखिएको वडाध्यक्ष भगतले बताए।

त्यही विषयका कारण पनि यहाँ द्वन्द्व भएको कतिपयको विश्लेषण छ। केही वर्षदेखि वडा नम्बर ३ मा बस्दै आएका एक सरकारको कर्मचारी भन्छन्– 'झण्डा राखेको विषयमा विवाद देखिएको थियो। त्यसकै रुप आइतबार विवादमा परिणत भएको हो जस्तो लाग्छ।'

## सुरक्षा संयन्त्रमा हलचल

कप्तानगञ्ज घटनापछि सुरक्षा संयन्त्रमा हलचल ल्याएको छ। प्रमुख जिल्ला अधिकारीदेखि जिल्लादेखि प्रदेशका प्रहरी प्रमुख फेरिएका छन्।

प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई गृह मन्त्रालय फिर्ता बोलाइएको छ भने उनको ठाउँमा संखुवासभाका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याललाई पठाइएको छ। मंगलबारदेखि उनले सुनसरीको जिम्मेवारी सम्हालेका छन्।

यस्तै, सोमबार नै कोशी प्रदेशका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक विनोद घिमिरे, सुनसरी जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक केशव थेबे, सशस्त्र प्रहरी बल सुनसरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक श्यामकुमार कार्कीलाई जिम्मेवारी बाट हटाइएको थियो. कार्की सोमबार बिहानमात्रै काठमाडौंबाट जिल्ला फर्किएका थिए। केही दिनदेखि कार्की सशस्त्र प्रहरी बलको मुख्यालयमा रहेका थिए।

त्यसैगरी, कोशी प्रदेश प्रहरी प्रमुख घिमिरे पनि केही दिनदेखि बिदामा रहेका थिए। सुनसरी प्रहरी प्रमुख थेबे पनि पारिवारिक कारण बिदामै रहेका थिए। उनीहरू बिदामा बसेको समयमा कप्तानजञ्जमा घटना भएपछि गृह मन्त्रालयले सबैलाई एकैपटक जिम्मेवारीबाट हटाएको हो।

सरकारले यस घटनाको छानबिन गर्न सोमबार नै सहसचिवको नेतृत्वमा छानबिन समिति बनाएको छ।-देशान्तरबाट



# धनुषाको एक पूर्व वडा अध्यक्ष विरुद्ध १५ लाख नौ हजार २५० रुपियाँ भ्रष्टाचार मुद्दा दायर

**खबर दर्पण समाचारदाता**

**साउन १२ गते, बर्दिवास**

धनुषाको विदेह नगरपालिका वडा नं. ५ का पूर्व वडा अध्यक्ष विजयकुमार यादवविरुद्ध १५ लाख नौ हजार २५० रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार यादवले धनुषा, विदेश नगरपालिका वडा नं. ५ मा प्राप्त एम्बुलेन्स निजी प्रयोगमा लगाइ आफूखुसी भाडा शुल्क उठाइ सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको आरोप लागेको छ । २०७७ असोज १४ को सम्झौताबाट वडाबासीलाई सेवा सुविधा उपलब्ध गराउन भनी निःशुल्करुपमा एम्बुलेन्स प्राप्त गरी उक्त एम्बुलेन्स वडा कार्यालयको जिन्सी विवरणमा समेत आम्दानी नबाँधी आफ्नै नियन्त्रणमा राखी एम्बुलेन्स सेवा सञ्चालन गरेको आयोगको विज्ञप्तिमा उल्लेख छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो १५ लाख नौ हजार २५० रुपियाँ कायम गरी कैद र बिगो बमोजिम जरिवाना हुन मागदाबी लिइ मङ्गलबार विशेष अदालत, काठमाडौंमा अरोपपत्र दायर भएको आयोगले जनाएको छ ।

# सदियौ देखि स्थापित सामाजिक सद्भाव धनुषामा विग्रन नदिने सर्वपक्षीय निर्णय

**खबर दर्पण समाचारदाता**

**साउन १२ गते, जनकपुरधाम**



सुनसरी जिल्लामा घटेको घटनालाई लिएर सामाजिक सद्भावमा पर्न सक्ने असरलाई ध्यानमा राखेर जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाईमा आज जनकपुरधाममा सद्भाव वैठक सम्पन्न भएको छ ।

जिल्ला सामाजिक सदुभाव सर्वपक्षीय समितिको वैठकमा सदियो देखि स्थापित भएको सामाजिक सद्भावलाई अक्षुण राख्दै नेपालको पहिचानको रुपमा रहेको बहुभाषिक, बहुजातीय, बहुधार्मिक युक्त सहिष्णु समाजको राष्ट्रिय पहिचानलाई कायम राख्दै जिल्ला भित्र सामाजिक सद्भाव कायम राख्ने सहमति भएको हो ।

६ बुदाको अन्य सहमतिहरुमा धनुषा जिल्ला तथा सदर मुकाममा अवाच्छित गतिविधि रोक्नका लागि विभिन्न धर्म, समुदायका साथै नागरिक समाजका अगुवा, बुद्धिजीवि, राजनीतिक दल, संघ संस्था तथा स्थानीय तहका जनप्रतिनिधिहरुले निरन्तर पहल गर्ने निर्णय भएको छ ।

वैठकले सामाजिक सञ्जालमा सामाजिक सद्भाव विगार्ने किसिमका सामाग्रीहरु राख्ने माथि मुलुकी अपराध सहिता ऐन २०७४ एवं विद्युतीय कारोवार ऐन २०६३ तथा अन्य प्रचलीत कानून अनुसार कार्यवाही हुने निर्णय गरेको छ ।

यसका साथै कुनै प्रकारको शान्तिपूर्ण विरोधको कार्यक्रम गर्दा स्थानीय प्रशासनसंग पूर्व स्वीकृत लिएर मात्र गर्ने निर्णय जिल्ला सामाजिक सद्भाव समितिको वैठकले गरेको धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झाले वैठकपछि जानकारी दिनु भयो ।

यसका साथै सुनसरी जिल्लामा भएको दुःखद घटनाको निष्पक्ष छानविन गर्न तथा दोषि माथि कडा कार्यवाहीका लागि गृहमन्त्रालयमा लेखी पठाउने निर्णय सद्भाव समितिको वैठकले निर्णय गरेको छ । वैठकमा बोल्दै जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले मिलेर वसेको हाम्रो समाजमा कुनै प्रकारको सामजिक सद्भाव विगार्ने काम कही कतैवाट हुन नहुने बताउनु भयो ।

वैठकको अध्यक्षता गर्दै सद्भाव समितिका अध्यक्ष एवं धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलले विश्वमा शान्ति, करुणा तथा सहिष्णु एवं मर्यादाको शन्देश दिने जनकपुर धाम तथा धनुषा जिल्लामा सामाजिक सद्भाव विगार्ने काम कही कतैवाट नहुने प्रतिबद्धता आउनु सुखद भएको बताउनु भयो ।

जिल्ला सामाजिक सद्भाव समितिको वैठकमा विभिन्न राजनीतिक दलका जिल्ला स्थित प्रमुखहरु तथा प्रतिनिधिहरु, विभिन्न धार्मिक संगठनका धर्मगुरुहरु, धार्मिक संस्थाका पदाधिकारीहरु, नागरिक समाजका अगुवा तथा बुद्धिजीविहरु, ञ्चारकर्मीहरु तथा सुरक्षा निकायका प्रमुखहरुको सहभागिता रहेका थिए ।

# सुनसरी घटनाको विरोधमा जलेश्वरमा प्रदर्शन, निष्पक्ष छानबिनको माग

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन १२ गते, महोत्तरी**



सुनसरीमा हिन्दु युवामाथि भएको गोली प्रहारको घटनाको विरोधमा महोत्तरीको सदर मुकाम जलेश्वरमा विभिन्न हिन्दुवादी संघ-संगठनले आज प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीहरूले जलेश्वर बजार क्षेत्रमा टायर बालेर विरोध जनाउँदै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनबमोजिम कडा कारबाही तथा गृहमन्त्री सुदन गुरुङको राजीनामाको माग गरेका छन्। प्रदर्शनका क्रममा सहभागीहरूले सरकारविरुद्ध नाराबाजी गर्दै शान्ति-सुरक्षा प्रभावकारी रूपमा कायम गर्न र घटनाको निष्पक्ष अनुसन्धान गरी वास्तविक दोषीलाई कानुनी दायरामा ल्याउन माग गरेका थिए। साथै, पीडितलाई न्याय दिलाउन तथा यस्ता घटना पुनः दोहोरिन नदिन प्रभावकारी सुरक्षा व्यवस्था गर्नुपर्ने उनीहरूको भनाइ थियो।

प्रदर्शनकारीहरूले सरकारले आफ्ना मागप्रति आवश्यक ध्यान नदिए आन्दोलनका कार्यक्रम थप सशक्त बनाउने चेतावनी समेत दिएका छन्।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
मिथिला नगरपालिका, धनुषा




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,